आज मिति २०८२/०४/१४ गते बुधवारको दिन बिहान ८:०० बजे चक्रघट्टा गाउँपालिकाको गाउँ कार्यपालिकाको बैठक गा.पा.अध्यक्ष श्री कृष्ण कुमार यादव ज्यूको अध्यक्षतामा बैठक बसि देहाय बमोजिमको निर्णय गरियो ।

## उपस्थिति

| | |
|---|---|
| श्री कृष्ण कुमार यादव | अध्यक्ष |
| श्री मिना देवी राय | उपाध्यक्ष |
| श्री राम सुरेश राय | १ नं. वडा अध्यक्ष |
| श्री डा.विनोद कुमार राय | २ नं. वडा अध्यक्ष |
| श्री दिनेश कुमार साह | ३ नं. वडा अध्यक्ष |
| श्री फैयाज अहमद | ४ नं. वडा अध्यक्ष |
| श्री नागेन्द्र प्रसाद साह | ५ नं. वडा अध्यक्ष |
| श्री राजेश कुमार यादव | ६ नं. वडा अध्यक्ष |
| श्री नविन कुमार राय | ७ नं. वडा अध्यक्ष |
| श्री रामकैलाश राउत | ८ नं. वडा अध्यक्ष |
| श्री विजय कुमार यादव | ९ नं. वडा अध्यक्ष |
| श्री श्याम कुमारी राम | महिला सदस्य |
| श्री ईन्द्रकला देवी | महिला सदस्य |
| श्री रिता कुमारी | महिला सदस्य |
| श्री शोसिला कुमारी यादव | महिला सदस्य |
| श्री फेकु साह कानु | दलित, अल्पसंख्यक सदस्य |
| श्री राकेश ठाकुर लोहार | दलित, अल्पसंख्यक सदस्य |
| श्री राम ईश्वर राय यादव | (सदस्य सचिव) नि.प्रमुख प्रशासकीय अधिकृत |

आमन्त्रित

श्री राम सिंहासन राम — विपद् व्यवस्थापन सम्पर्क व्यक्ति

श्री राजिव महतो (लेखा प्रमुख)

**प्रस्तावहरु**

प्रस्ताव नं. १. खानेपानी हैण्डपाईप जडान सम्बन्धमा ।

प्रस्ताव नं. २. डिप ट्युववेल/बोरिङको योजना संचालन सम्बन्धमा ।

प्रस्ताव नं. ३. समरसियल बोरिङ्ग जडानमा लागत साँझेदारी गर्ने सम्बन्धमा ।

प्रस्ताव नं. ४. दस्तुर मिन्हा सम्बन्धमा ।

प्रस्ताव नं. ५. सोकता निर्माणका लागि आवश्यक अनुदान सहयोग सम्बन्धमा ।

प्रस्ताव नं. ६. वृक्षारोपन अभियान संचालन सम्बन्धमा ।

प्रस्ताव नं. ७. मलखादमा ढुवानी खर्च उपलब्ध गराउने सम्बन्धमा ।

प्रस्ताव नं. ८. विवरण माग गर्ने सम्बन्धमा ।

प्रस्ताव नं. ९. कार्ययोजना तयार गर्ने सम्बन्धमा ।

**निर्णयहरु**

निर्णय नं. १.

प्रस्ताव नं. १ माथि छलफल गर्दा मधेश प्रदेश सरकार र नेपाल सरकारबाट समेत मधेश प्रदेशलाई सुख्खा संकटग्रस्त क्षेत्र(अनावृष्टि) घोषणा गरि सकेको सन्दर्भमा यस गाउँपालिकाको पनि सबै वडामा खानेपानीको अभाव भएकोले आवश्यकताको आधारमा पानी लेयर सम्म तत्काल रु. दुई लाख बराबरको खानेपानी हैण्डपाईप जडान गर्ने निर्णय गरियो ।

निर्णय नं. २.

प्रस्ताव नं. २ माथि छलफल गर्दा यस गाउँपालिका भित्र रहेका अधुरो डिप ट्युववेल/बोरिङको योजनालाई प्राथमिकताका साथ संचालन गर्ने निर्णय गरियो ।

निर्णय नं. ३.

प्रस्ताव नं. ३ माथि छलफल गर्दा यस गाउँपालिकामा कृयाशिल विकास साँझेदार संस्था प्लान ईन्टरनेशनल नेपालसंग समरसियल बोरिङ्ग जडानमा लागत साँझेदारी गर्ने निर्णय गरियो ।

निर्णय नं. ४.

प्रस्ताव नं. ४ माथि छलफल गर्दा मधेश प्रदेश सरकार र नेपाल सरकारबाट समेत मधेश प्रदेशलाई सुख्खा संकटग्रस्त क्षेत्र(अनावृष्टि) घोषणा गरि सकेको सन्दर्भमा आम जनसमुदायलाई पर्न गएको पीरमार्का र आर्थिक क्षतिलाई मध्येनजर गर्दै गाउँपालिकाको कार्यालय र मातहतका वडा कार्यालयहरुबाट प्रदान गरिने तपसिलको सेवा वापतको लाग्ने दस्तुर मिन्हा वा भर्पाइ गर्ने निर्णय गरियो ।

तपसिल

मालपोत दस्तुर

सिफारिस दस्तुर

कृषि विद्युत मिटरको महसुल(बिल बमोजिमको रकम कृषकलाई बैंक खातामार्फत भुक्तानी गरिने)

निर्णय नं. ५.

प्रस्ताव नं. ५ माथि छलफल गर्दा वर्तमान अवस्थामा देखिएको सतही पानीको समस्यालाई समाधान गर्न पानी रिचार्ज हुनु आवश्यक रहेकोले यस पालिकाभित्रका घरपरिवारलाई पानीको उचित व्यवस्थापन मिलाउन व्यक्तिगत रुपमा खानेपानी हैण्डपाई/धारा नजिक सोकता निर्माणको लागि जनचेतना प्रवाह गर्ने निर्णय गरियो ।

निर्णय नं. ६.

प्रस्ताव नं. ६ माथि छलफल गर्दा जलवायु परिवर्तनको असर कम गर्न, वातावरणीय स्वच्छता कायम गर्न, बढदो तापमानलाई कम गर्न सरकारी तथा अन्य कार्यालय परिसर,सडक छेउ, सार्वजनिक स्थललाई केन्दित गरि चालु आ.व.मा वृक्षारोपन अभियान संचालन गर्ने निर्णय गरियो ।

निर्णय नं. ७.

प्रस्ताव नं. ७ माथि छलफल गर्दा यस चक्रघट्टा गाउँपालिकाबाट चालु आ.व.२०८२/०८३ मा कृषकहरुलाई सहकारी संस्था मल बिक्रेता मार्फत मल विक्रि वितरण हुने हुँदा डि.ए.पी. र युरियामा गाउँपालिकाले प्रतिबोरा रु. २०० ढुवानी वापतको रकम मल बिक्रेतालाई उपलब्ध गराउने र मल बिक्रेताले रु.२०० मा रु. ५० थप गरि जम्मा रकम रु.२५० कृषकलाई प्रचलित मुल्यमा घटाई प्रतिबोरा मलखाद उपलब्ध गराउने निर्णय गरियो ।

निर्णय नं. ८.

प्रस्ताव नं. ८ माथि छलफल गर्दा जिल्ला प्रशासन कार्यालय, सर्लाही मलंगवाको प.सं २०८२/०८३ च.नं ३५५ मिति २०८२/०४/१२ गतेको पत्रानुसार यस चक्रघट्टा गाउँपालिका भित्रको ९ वटै वडाहरुबाट तपसिल बमोजिमको विवरणहरु ५ दिन भित्रमा उपलब्ध हुने गरि वडा कार्यालयहरुमा पत्राचार गर्ने र प्राप्त विवरणहरु माग भएका/माग हुने कार्यालय वा निकायहरुमा यथासिघ्र पठाउने

तपसिल

(क) खानेपानी अवरुद्ध वा बन्द भएको (हैण्डपाईप,धारा आदि) को संख्या

(ख) कृषि कार्यको लागि सिंचाई अवरुद्ध वा बन्द भएको (डिप ट्युबवेल,बोरिंङ,नहर,पैनी आदि) को संख्या

(ग) कृषि कार्यको लागि सिंचाई गर्न डिप ट्युबवेल,बोरिंङ गर्न सकिने स्थानको पहिचान कित्ता नं. सहित

(घ) कृषि कार्यको लागि सिंचाई गर्न डिप ट्युबवेल,बोरिंङ गर्न सकिने स्थानमा विद्युतको पहुँच भएको वा नभएको

(ङ) सिंचाईको लागि वैकल्पिक श्रोतहरु(नहर,कुलो,पोखरी आदि) रहेको वा नरहेको

(च) वडा अन्तर्गत सरकारी कार्यालय वा सार्वजनिक स्थानहरुमा खानेपानीको उपलब्धता रहेको वा नरहेको ( संख्या उल्लेख गर्ने)

(छ) अनावृष्टिको कारण अन्य रोगब्याधीको संक्रमण रहेको वा नरहेको (रहेको भए नाम उल्लेख गर्ने)

(ज) खानेपानी तथा सिंचाई सुविधाको लागि थप सुझाव वा कार्यहरु (के कसरी गर्न सकिन्छ सो को कार्ययोजना)

निर्णय नं. ९. प्रस्ताव नं. ९ माथि छलफल गर्दा मधेश प्रदेश सरकार र नेपाल सरकारबाट समेत मधेश प्रदेशलाई सुख्खा संकटग्रस्त क्षेत्र(अनावृष्टि) घोषणा गरि सकेको सन्दर्भमा यि विपत्तीपूर्ण अवस्थाबाट आम जनसमुदायको दैनिक जीवनयापन एवं कृषि लगायतका अन्य क्षेत्रमा परिरहेको नकारात्मक असर र भविष्यमा यसबाट थप विपद्को अवस्था सृजना हुन नदिन चक्रघट्टा गाउँपालिकाको मध्यकालीन र दीर्घकालीन कार्यहरुको कार्ययोजना तयार गर्न विभिन्न सरकारी निकाय एवं यस गाउँपालिकामा कृयाशिल विभिन्न साँझेदार संघसंस्थाहरु संग समन्वय गर्न यस गाउँपालिकाको विपद् फोकल पर्सन श्री राम सिंहासन रामलाई जिम्मेवारी प्रदान गर्ने र गाउँपालिकाको आपतकालीन कार्य संचालन केन्द्रलाई सकृयतापूर्वक तयार राख्ने निर्णय गरियो ।

CamScanner